# नेपाल गजेट

## नेपाल सरकारद्वारा प्रकाशित

खण्ड १ ] काठमाडौं माघ १४ गते ०८ साल [ संख्या २५

बखत बखतमा प्रकाश हुने गजेटमा छापिने विषयहरू देहायको क्रमले रहनेछन् । तर यसमा हप्ता हप्तामा जुन जुन विषय प्रकाशित हुने ठहर्दछन्, तिनै तिनै विषयहरू छापिनेछन् ।

भाग १ ( क ) सरकारी घोषणा, इश्तिहार इत्यादि ।

( ख ) खारेजी र नयाँ ऐन, सार्वभौम सवाल, सनद इत्यादि ।

( ग ) सरकारद्वारा नियोजित कुनै कमेटी वा कमिशनको रिपोट इत्यादि ।

( घ ) नयाँ भर्ना, सरुवा, बढुवा इत्यादि ।

( ङ ) कायममुकायम तैनाथी इत्यादि ।

( च ) न्यायालयको विज्ञप्ति इत्यादि ।

( छ ) जेल, पुलीस आदिको विज्ञप्ति इत्यादि ।

( ज ) साधारण सूचना, उर्दी इत्यादि ।

( झ ) जन्म मरणको संख्या ।

( ञ ) हल्लाको खण्डन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

१२८

( ट ) अफिसरहरूको बिदा ।

( ठ ) श्री ५ र मन्त्रीहरूको यात्रा, शुभेच्छा मण्डल आदिको कार्यक्रम ।

( ड ) पब्लिक सर्भिसकमिशनको सूचना ।

( ढ ) इलेक्सन कमिशनको सूचना ।

भाग २ ( क ) अर्थविभागसम्बन्धी विज्ञप्ति ।

( ख ) सरकारी ब्याङ्क, मुलुकीखाना, कौशी आदिको प्रकाशित, प्रचलित, मुद्रा, नोट र तत्सम्बन्धी सूचनासमेत ।

भाग ३ ( क ) उद्योग वाणिज्यसम्बन्धी सरकारी विज्ञापन इत्यादि ।

( ख ) नियन्त्रित बजारभाउ, मुद्राविनिमय इत्यादि ।

भाग ४ ( क ) खाद्य कृषिसम्बन्धी सूचना इत्यादि ।

( ख ) याम, हावा, पानी र बालीनालीको सूचना इत्यादि ।

भाग ५ ( क ) शिक्षासम्बन्धी सूचना ।

( ख ) शिक्षाविभागको परीक्षाफल ।

भाग ६ ( क ) स्वायत्त शासनसम्बन्धी प्रबन्ध, सूचना इत्यादि ।

( ख ) नगरपञ्चायत ।

( ग ) ग्रामपञ्चायत ।

भाग ७ ( क ) स्वास्थ्यसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

( ख ) रोगग्रस्त भई मर्नेको संख्या ।

भाग ८ वनविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग ९ साधारण राज्यव्यवस्था र परराष्ट्रविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग १० रक्षाविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग ११ यातायातविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग १२ ( क ) संसद्--सम्बन्धी सूचना, विज्ञप्ति इत्यादि ।

( ख ) निर्वाचन-सम्बन्धी सूचना, विज्ञप्ति इत्यादि ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## भाग १

# हाम्रा प्यारा प्रजा,

माघ ६ गते बुधवारका दिन डा. के. आई. सिंहले रक्षादलको केही जवान-हरूको सशस्त्र मद्दतले सिंहदरबारको नजरबन्दीबाट छुटेर सरकारी काममा दखल दिने चेष्टाले काठमाडौंमा गडबड पैदा गरे। बन्दीगृहबाट जबर्जस्ती गैर कानूनी तरीकाले उनले बन्दीहरूलाई मुक्त गरे र मुलुकीखाना, बैंक, बारुदखाना, तोप-खाना इत्यादिमा कब्जा गर्ने कोशिश गरे।

तर राजभक्त सेनाका प्रयत्नले उनको सबै कोशिश व्यर्थ भयो। सबै बागी-हरु पक्रिए र राज्यव्यवस्था पूर्णरूपले पहिले जस्तै स्थापित भैसकेको छ। केवल डा. के. आई. सिंह केही साथीहरुका साथ भागेका छन्। सरकारी फौजले उनको पीछा गरिरहेछ र चाँडै नै पक्रला भन्ने आशा छ।

जनतन्त्र राज्यमा वैधानिक तरीकाले सरकारको विरोध हुन सक्तछ। किन्तु सशस्त्र आन्दोलन अथवा हिंसात्मक प्रयत्न अवश्य नै देशका निमित्त हानिकारक हुन्छ र कुनै पनि सरकारले हिंसावादी कार्यलाई स्वीकृति दिन सक्तैन। खास किसि-मले राज्यका सेना अथवा पुलीस या अन्य सशस्त्र कर्मचारीहरुलाई भड्काउने या उचाल्ने या उनीहरुद्वारा विद्रोह गराउने कुरा त कहिले पनि कुनै देशका कुनै प्रकारका सरकारलाई पनि सह्य हुन सक्तैन। जुन मानिस यस तरहको प्रयत्न गर्दछन्, तिनीहरू बागी र देशद्रोही नै हुन् र देशको विधान र कानूनअनुसार ती व्यक्तिहरू कडासे कडा सजाँयका भागी छन्।

यसकारण डा. के. आई. सिंह तथा उनका साथीहरु देशद्रोही हुन् र जो कोई मानिस उनको साथ दिनेछन्, ती पनि देशद्रोही नै हुनेछन्। राजभक्त र देशवासी प्रजासँग आशा गरिन्छ कि डा. के. आई. सिंह र उनका साथीहरूलाई पक्रनमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मदत दिनेछन् र उनीहरूलाई कुनै तरहको सहायताको सुविधा पुग्न देओइनन् ।

सबै जागीरदार, सेना, पुलीस, रक्षादल अथवा अरू सरकारी कर्मचारीहरूसँग पूर्ण आशा छ कि उनीहरू आफ्नो आफ्नो स्थानमा पूर्ण उत्तरदायित्व र नेकनीयतले काम गरिरहने छन् ।

माघ १०।२००८ श्री ५ महाराजाधिराजको हुकुमले.

## शाही घोषणा

कुनै व्यक्तिहरूले आज गरेको ऐनकानुन बर्खिलाप कारबाईले गर्दा मुलुकमा संकटकालीन अवस्था घोषणा गरियो र श्री ५ महाराजाधिराजको हुकुमले मा. प्र. मन्त्रीले मं. मं. र शासनको पूरा अभिभारा ग्रहण गर्नुभएको छ ।

देशवासीहरू सबैले बिलकुल शान्त रही देशमा शान्ति सुव्यवस्था ल्याउन सरकारलाई पूरा सहयोग गर्नेछन् भन्ने आशा गरिएको छ ।

## श्री ५ महाराजाधिराजको वक्तव्य

श्री ५ महाराजाधिराजबाट सबै जंगी जवान, निजामती जागीरदार र अरू सबै प्रजाहरूलाई बक्सिएको वक्तव्य यस्तो छ। —

आज अनुचित प्रयास गरेर शान्तिमा कसैले खलल पारेका छन् र प्रजातन्त्रमा वैधानिक तथा न्यायोचित तरीकाबाट गरिने कुराहरू हातमा कानुन लिई मनपरी गर्नु न्यायसंगत कुरा होइन। सरकार पूरा तवरले सचेत छ र अनुचित उपद्रवहरूलाई शान्त गर्न सचेष्ट छ। सबै जनाको कर्तव्य आज मुलुकमा खून-खराबीबाट बचाउनु हो। कसैले पनि हडबडाउने र चिन्ता लिने काम पनि छैन। सबैले शान्ति कायम राखी सरकारलाई चाहिएको सहयोग दिउन् तथा आफ्ना काममा दृढतापूर्वक व्यस्त रहुन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।